# १६
# मण्डलीमा प्रवेश

केही थोकहरु महँगा हुन्छन् तर वास्तवमा मूल्यवान हुँदैनन् - जस्तै राम्रा लुगाफाटाहरु, केही थोकहरु सस्ता तर मूल्यवान् हुन्छन् - जस्तै सूर्यको प्रकाश अथवा वर्षा, केही थोकहरु धेरै महँगा र धेरै मूल्यवान हुन्छन् - ख्रीष्टको मण्डली यसै वर्गमा पर्दछ ।

नयाँ करारले मण्डलीको अमूल्यताको बारेमा कुनै शंकामा छोडेको छैन । यसको मूल्य कति छ भन्ने कममा पनि तीन तरिकाले प्रस्तुत गरिएको : पहिलो, यो कति मूल्यवान छ भन्ने कुरा हामी *यसको ईश्वरीय उत्पत्तिमा* देख्दछौं । यसको योजना र अभिप्राय स्वर्गको अनन्त सभामा गरिएको थियो (एफिसी ३:१०, ११) र यो येशूको पृथ्वीको सेवाकाईद्वारा तयार गरिएको थियो (मत्ती ४:१७) । यो ईश्वरीय पूर्णरुपमा योजना थियो, एउटा कामपछिको गलत विचार थिएन । दोश्रो, यसको बहुमूल्य मोलमा हामी यसको महत्व देख्दछौं । हामीहरुलाई पावलद्वारा यो ख्रीष्टको अनमोल रगतले किनिएको थियो भनी भनिएको छ (प्रेरित २०:२८) । ख्रीष्टको मृत्युको अन्तिम उद्देश्य भनेको मण्डलीलाई अस्तित्वमा ल्याउनु थियो । यदि खरिद गरिएको मूल्यले महत्वलाई संकेत गर्दछ भने त्यसो हो भने मण्डली, ख्रीष्टको रगतले किनिएकोले गर्दा यो निश्चय नै संसारका सबै थोकहरुभन्दा धेरै मूल्यवन छ । तेश्रो, हामी यसको महत्व यस उपर राखिएको ठूलो मूल्यमा देख्न सक्दछौं । ख्रीष्टले अरु सबै कुराहरु पाउने प्रयास गर्नु भन्दा स्वर्गको राज्यको खोजी गर्न उत्साहित गर्नु भएको छ । उहाँ भन्नुहुन्छ “फेरि स्वर्गको राज्य असल मोतीहरु खोज्ने एउटा व्यापारीजस्तो हो । त्यसले एउटा बहुमूल्य मोती भेट्टाएपछि गएर आफूसँग भएका सबै बेचेर त्यो मोती किन्यो” (मत्ती १३:४५, ४६) । उहाँले मण्डलीलाई एउटा बहुमूल्य मोतीसँग दाँज्नु मात्र भएको छैन तर उहाँले यसलाई सबैभन्दा बहुमूल्य मोतीसँग दाँज्नु भएको छ !

मण्डलीको सर्वोच्च मूल्यले के संकेत गर्दछ भने कि नयाँ करारको मण्डलीलाई उपेक्षा गर्नु भनेको गल्तीहरु मध्ये सबैभन्दा ठूलो गल्ती हो । एउटा करोडपति पनि यदि उसले प्रभुको मण्डली पाउ र त्यसमा प्रवेश गर्न सकेन भने एउटा टुहुरो जस्तै हुन्छ । मण्डली बाहिर भएको अति नै ठूलो मान्छे पनि मानिसहरु मध्ये सबैभन्दा तुच्छ बन्दछ ।

मण्डलीको त्रुटीरहित मूल्यको प्रकाशमा, यी करणले हामीलाई इमानदारीताका साथ सोध्न लगाउँदछ, “मण्डलीमा कसरी प्रवेश गर्न सकिन्छ ?” सम्भवत विचार गर्नुपर्ने यो भन्दा ठूलो प्रश्न अरु कुनै छैन होला । आउनुहोस् यो प्रश्नको नयाँ करारको उत्तर पत्ता लगाउन हामीहरुलाई समर्पित गरौं ।

## उत्तर घोषणा गरिएको

ख्रीष्ट उहाँको पृथ्वीको सेवाकाईबाट स्वर्ग फर्किगए पछि उहाँका चेलाहरुले के गरेको चाहनुहुन्थ्यो भन्ने बारेमा स्पष्ट हुनुहुन्थ्यो । उहाँका आज्ञाका तीनवटा पूर्ण लेखहरु नयाँ करारमा लिपिवध्द गरिएका छन् (मत्ती २८:१८-२०, मर्कूस १६:१५, १६, लूका २४:४६-४७) । यी लेखकहरुका महत्वलाई कठिनाइका साथ मात्र गलत रुपमा बुझ्न सकिन्छ । तिनीहरुले उहाँका चेलाहरुलाई सम्पूर्ण ख्रीष्टियान युगको निम्ति ख्रीष्टको निर्देशन दिएका छन् ।

ख्रीष्टले प्रथमतः उहाँका चेलाहरुलाई यसो भन्दै, विश्वव्यापी जिम्मेवारी दिनुभएको छ, “सारा संसारमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर” (मर्कूस १६:१५) । दोश्रो, जब सुसमाचार प्रचार गरिन्छ उहाँले मुक्ति कुन सर्तहरुमा उपलब्ध गराइने छ भन्ने कुरा वर्णन गर्नुभएको थियो । उहाँले आफ्ना चेलाहरुलाई के गर्ने भन्नुभएको थियो - “जाओ”, र उहाँले तिनीहरुलाई के बोल्ने भन्नुभएको थियो - “सुसमाचार प्रचार गर” । “जाओ” र “सुसमाचार” शब्दहरुका साथ उहाँले तिनीहरुको भविष्यको काम संक्षेपमा वर्णन गर्नु भएको थियो ।

एक समय, मर्कूसले भने अनुसार, ख्रीष्टले आज्ञा दिनुभएको थियो र विश्वासको सर्तहरुमा जोड दिनुभएको थियो । उहाँले भन्नुभएको थियो, “सारा संसारमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर । विश्वास गर्ने र बप्तिस्मा लिनेले उध्दार पाउनेछ, तर विश्वास नगर्ने दोषी ठहरिनेछ”

(मर्कूस १६:१५, १६) । यो आज्ञाको अभिलेखमा बप्तिष्मालाई स्पष्ट एउटा सर्तको रुपमा उल्लेख गरिएको छ, तर जोडचाहिँ विश्वासमा दिएको जस्तो देखिन्छ ।

लूकाले लेखेअनुसार, खीष्टले अर्को समय आज्ञा दिनुभएको थियो र पश्चात्तापमा जोड दिनुभएको थियो । उहाँले भन्नुभएको थियो, "यसो लेखिएको छ, कि खीष्टले दु:ख भोग्नु र तेस्रो दिनमा मृतकबाट जीवित हुनुपर्छ, अनि[१८] यरुशलेमबाट शुरु गरेर सबै जातिहरुलाई उहाँको नाउँमा पश्चाताप र पाप-क्षमाको प्रचार हुनुपर्छ" (लूका २४:४६, ४७) । पश्चाताप, पापबाट परमेश्वरतर्फ फर्कनु, खीष्टयान युगको सुसमाचार प्रचारमा एउटा मूल विचार हुनुपर्ने थियो ।

मत्तीले खीष्टलाई गालिलको एउटा पहाडमा आज्ञा दिइरहनुभएको चित्रण गरेका छन्, जहाँ उहाँले बप्तिष्मामा जोड दिनुभएको छ । उहाँ भन्नुहुन्छ, "स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ । यसकारण जाओ र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिष्मा देओ, मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ । हेर, म युगको अन्त्यसम्म सधै तिमीहरुका साथमा छु" (मत्ती २८:१८-२०) ।

निश्चय नै, त्यसो भए, ती तीन सर्तहरु जसमाथि मुक्ति प्रदान गरिएको छ ती विश्वास, पश्चाताप र बप्तिष्मा हुन्, यी प्रत्येकलाई हाम्रो मुक्तिदाताले संकेत गर्नुभएको थियो र महान आज्ञाका तीन अभिलेखहरुमा जोड दिनुभएको थियो ।

यी तीन सर्तहरु प्रस्ट छन् र सजिलै देख्न सकिन्छन् । यी शर्तहरुलाई स्वीकार नगरी र प्रभुको योजनामा तिनीहरुको महत्वलाई नचिनी कसैले येशूको आज्ञालाई गम्भिरताका साथ लिन सक्दैनन् । यी मिलेर प्रभुको राज्य अथवा मण्डलीमा प्रवेश पाउने शर्तहरु अथवा सीमाहरु बनेका छन् । यिनीहरुले सारा खीष्टियान युगलाई निर्देश गर्नुपर्दछ ।

## उत्तर बृहद पारिएको

नयाँ करारमा मुक्तिका शर्तहरु त्रुटीरहित रुपमा उल्लेख गरिएको मात्र छैन, तर तिनीहरु प्रेरितहरुको कामहरुमा स्पष्ट रुपमा व्याख्या पनि गरिएको छ ।

उदाहरणको निम्ति, त्यो पुस्तक मण्डली स्थापित भएको रोमाञ्चक कथाका साथ शुरु भएको छ । प्रेरित २ मा मानिसहरुको एउटा भिड जसले पत्रुसको प्रचारबाट कायल भएर कराउँदै भनेको थियो, "हामीले के गर्ने ?" येशूमा भएको विश्वासले तिनीहरुलाई कराउन प्रोत्साहित गरेको थियो । पत्रुसले तिनीहरुलाई पश्चाताप गर्न र पापक्षमाको निम्ति बप्तिष्मा लिन आज्ञा गरेका थिए (प्रेरित २:३८) । त्यो दिन तीन हजारले बप्तिष्मा लिएका थिए (प्रेरित २:४१) । त्यसै अनुसार, प्रेरित २:४७ ख ले भनेको छ, "उध्दार पाउनेहरुलाई प्रभुले दिनदिनै तिनीहरुको संख्यामा थपिदिनुहुन्थ्यो ।" त्योसमूह जसमा तिनीहरु थपिएका थिए त्यसलाई पछि मण्डलीको रुपमा उल्लेख गरिएको छ (प्रेरित ५:११) । हाम्रा प्रभुले, उहाँको अन्तिम आज्ञामा विश्वास, पश्चाताप, र बप्तिष्मालाई मुक्ति घोषणा गरिनु पर्ने शर्तहरुको रुपमा वर्णन गर्नुभएको थियो । ती मानिसहरु जसले पेन्तिकोसको दिनमा मण्डलीमा प्रवेश गरेका थिए यी तीन शर्तहरु पालन गरेका थिए ।

अर्को उदाहरण प्रेरित ८ मा पाइन्छ । प्रेरित ८ को पछिल्लो खण्डमा, फिलिपलाई एउटा स्वर्गदूतले अझ प्रचार गर्न दक्षिणतिर जाऊ भन्दछन् (प्रेरित ८:२६) । एउटा निश्चित दोबाटोमा फिलिपले एउटा इथियोपियाली नपुंसकलाई एउटा रथमा तलतिर यात्रा गरिरहेको देख्छन् (प्रेरित ८:२७, २८) । या मानिस एउटा धेरै धार्मिक मानिस थिए, तर त्यस बेलासम्म उनी एउटा खीष्टियान भएको थिएनन् । पवित्र आत्माले फिलिपलाई त्यो इथियोपियालीको नजिक जान र साथ लाग्न आज्ञा गर्नुभयो (प्रेरित ८:२९) । उ तर्फ दौडिएर जाँदा, उनले त्यो इठियोपियालीलाई यशैयाको पुस्तक पढिरहेको भेटे तर उनले जे पढिरहेका थिए त्यो बुझेका थिएनन् (प्रेरित ८:३१) । फिलिपले त्यो इथियोपियालीले पढिरहेको खण्डबाट शुरु गरेर, यसमा कुनै शंका छैन, उनलाई खीष्ट यस संसारमा आउनुभएको र हाम्रो पापको निम्ति मर्नुभएको खीष्ट बारेको सबै कथा सुनाए (प्रेरित ८:३५) । उनीहरु हिँड्दा-हिँड्दै, खीष्टको बारेमा कुरा गरिरहँदा, उनीहरु केही पानी भएको ठाउँमा आइपुगे । त्यो इथियोपियालीले सोध्यो, "के म

[१८] केही हस्तलिखित ग्रन्थमा यहाँ भनिएको "अनि" को साटो "निम्ति" प्रयोग गरिएको छ ।

बप्तिष्मा हुन सक्छु ?" किनभने त्यो इथियोपियालीले विश्वास गरेको थियो र उसको निम्ति बप्तिष्मा लिनु उपयुक्त थियो।[१९] तिनीहरुले रथ रोके र पानीमा ओर्ले र फिलिपले त्यो इथियोपियालीलाई डुबाए (प्रेरित ८:३८)। उनको बप्तिष्मा पछि, ती इथियोपियाली रमाउँदै आफ्नो बाटो लागे।

फेरि एकपल्ट, हाम्रा प्रभुले मुक्तिको लागि उहाँको अन्तिम आज्ञामा स्थापित गर्नुभएको शर्त पालन गरिएको थियो। फिलिपले गरेको प्रचारको फलस्वरुप ख्रीष्टमा विश्वास एउटा वास्तविकता भयो (प्रेरित ८:३५, ३६)। त्यो इथियोपियाली एउटा धार्मिक मानिस थियो जसले ईमानदारीका साथ परमेश्वरको इच्छा पूरा गर्ने प्रयास गरेको थियो। पश्चाताप, त्यसैकारण, उसले गरेको ख्रीष्टबारेको सन्देशको स्वीकारबाट प्रकट भएको थियो जुन फिलिपले उसकहाँ ल्याएका थिए। बप्तिष्मा यस अभिलेखमा प्रेरितको कामको पुस्तकको अरु ठाउँभन्दा बढि स्पष्ट रुपमा चित्रण गरिएको छ। फिलिप र त्यो इथियोपियाली दुवै पानीमा ओर्लेका छन् र फिलिपले उनलाई डुबाएका छन् (यस खण्डको अन्त्यमा भएको "प्रेरितमा भएमा परिवर्तनका उदाहरणहरु" शीर्षक भएको तालिका हेर्नुहोला)।

कल्पना गर्नुहोस् तपाई एउटा देशमा बस्नुहुन्छ र त्यहाँका राजालाई एउटा व्यक्तिगत मित्रको रुपमा चिन्नुहुन्छ। एक दिन, राजासँग कुराकानी गरिरहँदा, तपाईलाई यदि तपाई पछि फेरि फर्केर उनलाई भेट्न आउनुभयो भने, उनले तपाईको कर माफ गरिदिनेछन् भनी भनिन्छ। तपाईले यो सन्देशलाई आनन्दका साथ स्वीकार गर्नुहुन्छ र उनलाई एक महिना भित्रमा भेट्न आउने निश्चय गर्नुहुन्छ। अन्तमा तपाई उनले तपाईको कर माफ गरिदिनेछन् भन्ने आशा गर्दै, तपाई राजालाई भेट्न फर्कनु हुन्छ। तपाई दरवारमा आइपुग्दा, तपाईलाई राजा अर्को देशको यात्रामा गएका छन् भनिन्छ। तपाईले त्यो शाही रक्षकलाई तपाई उनलाई भेट्न फर्की आएमा राजाले तपाईको कर माफ गरिदिनेछन् भनी भनेको कुरा भन्नुहुन्छ। त्यो रक्षकले "राजाले तपाईको निम्ति विशेष प्रबन्ध गर्नुभएको छ" भन्दछ। उसले तपाईलाई एउटा कोठामा प्रवेश गराउँदछ जहाँ बाह्र प्रबन्धकहरु बसेका हुन्छन्। तपाईले आफ्नो कुरा तिनीहरुलाई भन्नुहुन्छ। त्यसको प्रतिकृयामा उनीहरु, "जब राजा यहाँ हुनुहुन्थ्यो, उहाँमा एउटै शब्दद्वारा पनि कर माफ गर्ने शक्ति थियो, तर अहिले राजा जानुभएको छ। उहाँले निश्चित शर्तहरु छोडेर जानु भएको छ जसद्वारा कर माफ गर्न सकिन्छ। अब तपाईले ती शर्तहरु पालना गर्नुपर्ने हुन्छ। सर्वप्रथम तपाई आफ्नो घर फर्कनु होस्, दोश्रो, हामीलाई तपाईको कथा उल्लेख गरेर एउटा पत्र लेख्नुहोस्, तेश्रो, तपाईको परिवारका सबै सदस्यहरुको नामको सूची संलग्न गर्नुहोस् र चौथो तीन साक्षीहरुको अघि त्यो पत्रमा सही गर्नुहोस्। जब यी सबै शर्तहरु पूरा हुन्छन्, तपाईको कर माफ हुनेछ।"

यस कथालाई ख्रीष्टले वास्तवमा जे गर्नुभएको थियो त्यससँग तुलना गरेर हेर्नुहोस्। जब उहाँ यहाँ हुनुहुन्थ्यो, उहाँले अक्सर गरेर एउटै शब्दका साथ पापक्षमा गर्नुहुन्थ्यो। उदाहरणको निम्ति, उहाँले क्रूसमा चढाइएको अपराधीलाई क्षमा गर्नुभएको थियो (लूका २३:४३)। त्यसो भएता पनि, जब ख्रीष्ट यो पृथ्वी छोड्न तयार हुनुभयो र स्वर्ग फर्कन लाग्नुभयो, उहाँले हामीलाई त्यो शर्तहरु दिनुभयो जसमाथि ख्रीष्टियान युगका मानिसहरुका निम्ति मुक्ति उपलब्ध गराइएको छ। त्यसका साथै, उहाँको आज्ञा उहाँले यो संसारको अन्त्यसम्म लागु हुनेछ भन्ने कुरा संकेत गर्नुभएको थियो (मत्ती २८:२०)। अब राजा गइसक्नुभएको छ, उहाँको क्षमादानका शर्तहरु लागू भएका छन्।

[१९] प्रेरित ८ को ३७ पद धेरैजसो प्रेरितको भरपर्दो हस्तलिखित ग्रन्थहरुमा देखा पर्दैनन्। यसले के निष्कर्षमा लान्छ भने कि यो पद नयाँ करारको मूल ग्रन्थको भाग थिएन होला। जे भएता पनि, यो स्वीकार गरिनै पर्दछ कि यो पदमा फिलिपबाट प्रस्तुत गरिएको मुख्य भनाईले यस परिस्थितिमा अति नै स्वभाविक मत खडा गरेको छ। त्यो इथियोपियाली नपुंसकलाई ख्रीष्टको अथवा अगमवक्ताले कसको बारेमा लेखेका थिएन भन्ने जानकारीथिएन। त्यसपछि, ख्रीष्ट बारेको एउटै कुराकानी पछि नै, ती नपुंसकले बप्तिष्मा लिन चाहेका थिए। त्यसैले, "यदि सारा हृदयले विश्वास गर्नुहुन्छ भने तपाईले लिन सक्नुहुन्छ" भन्ने भनाई एकदमै उपयुक्त छ र बप्तिष्माको निम्ति तयारी गरिँदा कहिल्यै यसलाई अलग गर्नु हुँदैन। परमेश्वरको पुत्रको रुपमा ख्रीष्टलाई गरिएको स्वीकार एउटा दृढ निश्चयता हो र यो विश्वास गर्नुपर्ने महान आज्ञाको परिस्थिति अनुसार बढ्दै जान्छ।

## उत्तर प्रयोग गरिएको

मण्डलीमा प्रवेश पाउने यी शर्तहरु हामी प्रत्येकलाई लागू हुँदछ । खीष्टको अन्तिम आज्ञा परिवर्तन भएको छैन । आज पनि त्यो त्यस्तै छ जस्तो त्यो दिइँदा थियो । मुक्तिका शर्तहरु हाम्रा निम्ति ठीक त्यस्तै छन् जस्तो ती पहिलो चोटि पत्रुसको प्रचार सुन्नेहरुका निम्ति थियो । खीष्टले मण्डलीमा प्रवेश पाउने शर्तहरु निर्धारण गर्नुभएको छ र वास्तवमा त्यसमा थप्ने काम पनि गर्नुहुन्छ । मानिसहरुका तर्कहरु र नियमहरुले उहाँको अन्तिम इच्छा र करारलाई बदल्न सक्दैनन् । राजा जानुभएको छ, र उहाँले खीष्टियान युगको निम्ति व्यवस्था गर्नुभएको शर्तहरु पालन गरिनै पर्दछ ।

उहाँको मण्डलीमा प्रवेश पाउने उहाँका शर्तहरुको सम्बन्धमा तपाई कहाँ खडा हुनुहुन्छ ? के तपाई विश्वास गर्नुहुन्छ ? विश्वासको श्रोत परमेश्वरको वचनले (रोमी १०:१७) । मानिसको ज्ञान, शिक्षा अथवा उपलब्धीहरुले विश्वास उत्पन्न गर्न सक्दैन । के तपाई परमेश्वरमा विश्वास गर्नुहुन्छ ? के तपाई खीष्ट उहाँका पुत्र र मानवजातिका मुक्तिदाता हुनुहुन्छ भनी विश्वास गर्नुहुन्छ ?

के तपाईले तपाईको पापहरुको पश्चाताप गर्नुभएको छ (प्रेरित १७:३०, ३१) ? के तपाई पापबाट जीवित परमेश्वरतर्फ फर्कनुभएको छ ? चाहे त्यसको अर्थ जे भएता पनि र त्यसले जहाँ लगेता पनि के तपाईले तपाईको हृदयलाई परमेश्वरको इच्छामा सुम्पनु भएको छ ?

के तपाईले सार्वजनिक रुपमा तपाईले येशूलाई परमेश्वरका पुत्र र प्रभुको रुपमा विश्वास गर्दछु भनी भन्नुभएको छ (रोमी १०:१०) ? के तपाईले आफ्नो जिब्रोले येशू मुक्तिदाता र प्रभु हुनुहुन्छ भनी स्वीकार गर्नु भएको छ ?

के तपाईले बप्तिष्मा लिनुभएको छ ? महान आज्ञाको बप्तिष्मा जुन डुबेर (रोमी ६:४), खीष्ट येशूमा (रोमी ६:३, गलाती ३:२७), पापहरुको क्षमाको निम्ति (प्रेरित २:३८, २२:१६), र पिता, पुत्र र पवित्र आत्माको नाममा लिइन्छ (मत्ती २८:१९, २०) । के तपाईले नयाँ करारको नमूना अनुसारको बप्तिष्मा लिनुभएको छ ?

जब कसैले आज खीष्टले उहाँको अन्तिम आज्ञामा स्थापित गर्नुभएको शर्तहरु पालन गर्दछन् भने, हाम्रा विश्वासयोग्य प्रभु र मुक्तिदाताले उनलाई उहाँको मण्डली अथवा राज्यमा थप्नुहुन्छ भनी विश्वास गर्नु के उपयुक्त हुँदैन ? कसैले पनि प्रभुका शर्तहरुलाई अपव्याख्या गर्न सक्दैन । हामीले कसैलाई तिनीहरुलाई घटाउने अथवा तिनीहरुलाई दूषित पार्ने अनुमति दिनु हुँदैन । खीष्ट प्रतिको साँचो समर्पणले अरु केही होइन तर आज्ञापालनको मात्र अनुमति दिन्छ ।

## निष्कर्ष

के तपाई नयाँ करारको मण्डलीमा प्रवेश गर्नुभएको छ ? के आज तपाई त्यसमा प्रवेश गर्न चाहनुहुन्छ ?

यो निश्चय नै हाम्रो निम्ति महान र सर्वश्रेष्ठ कुरा हो कि नयाँ करारमा पाइने त्यो मण्डलीमा कसैले पनि प्रवेश गर्न सक्दछन्, जसले इमानदारीका साथ प्रभुको प्रवेश पाउने शर्तहरु पालन गर्दछन् । सबै देशहरु, सबै जातिहरु र सबै मानिसहरु उहाँको राज्यमा प्रवेश गर्न सक्दछन् र खीष्टमा एक हुनसक्दछन् (एफिसी २:१४) ।

ज्ञानले हामीले शुरुवातै जग साँचो छ कि छैन भन्ने कुरामा निश्चित भएर गर्नुपर्ने माग गर्दछ । यदि तपाईले प्रभुका मुक्तिका शर्तहरु पालन गर्नुभएको छैन भने, ती शर्तहरु पूर्णरुपमा र तुरुन्तै पूरा गर्नुहोस् । उहाँको राज्यमा प्रवेश गर्नुहोस् र अबबाट उहाँको राज्य र उहाँको राज्यको मात्र नागरिक भएर जीवन बिताउनुहोस् ।

खीष्टको मण्डली वास्तवमा त्यसबेलासम्म तपाईको निम्ति मूल्यवान हुँदैन जबसम्म तपाई त्यसमा तपाई प्रवेश गर्नु हुँदैन ।

## अध्ययन प्रश्नहरु

१. प्रभुको मण्डलीको अतुलनीय मूल्यको वर्णन गर्नुहोस् ।
२. के महान आज्ञाका शर्तहरु आज ख्रीष्टियानहरुमाथि पनि लागू हुन्छ ?
३. आज हामीले किन क्रूसमा चढाइएको अपराधीले जस्तै उध्दार पाउन सक्दैनौं ?
४. कुनै व्यक्ति आज कसरी एउटा मण्डलीको सदस्य बन्न सक्दछ ?
५. के उध्दार पाएकाहरुलाई मानिसहरुले मण्डलीमा थप्दछन् ?
६. यदि कसैले ख्रीष्टियान हुनको निम्ति प्रेरितको पुस्तकमा गरिएका कामहरु गरेको छ भने, परमेश्वरले उसलाई त्यो गर्नुहुने छैन जुन उहाँले उहाँको इच्छा पालन गर्नेहरुलाई प्रेरितको पुस्तकमा गर्नु भएको थियो भनी विश्वास गर्ने कुनै कारण छ ?
७. कुनै व्यक्ति कसरी उ ख्रीष्टको मण्डली भित्र छ भनी ढुक्क हुन सक्दछ ?
८. जब प्रभुको मुक्ति सम्बन्धी शर्तहरुलाई भ्रष्ट पारिन्छ भने, के ठूलो हानी गरिएको हुँदैन र ?

## शब्द सहायताहरु

***येशूको अन्तिम इच्छा र करार*** - नयाँ करार (हिब्रू ९:१५-१७) ।

***निजी*** - आफ्नै, अलग गरिएको । १ पत्रुस २:९ ले ख्रीष्टियानहरुलाई, “तर तिमीहरु त चुनिएका वंश, राजकीय पूजाहारीगिरी, पवित्र जाति, परमेश्वरका निजी प्रजा हौ, उहाँले तिमीहरुलाई अन्धकारदेखि उहाँका उदेकको ज्योतिमा ल्याउनुभयो, ताकि तिमीहरु उहाँका आश्चर्यपूर्ण कार्यहरुको घोषणा गर्न सक” भनेको छ ।

## प्रेरितमा परिवर्तनका उदाहरणहरु

| सुनाई | विश्वास | पश्चाताप | स्वीकार | बप्तिष्मा | उध्दार |
|---|---|---|---|---|---|
| यहूदीहरु<br>प्रेरित २ | "तिनीहरुको हृदय छियाछिया भयो" (पद ३७) | "पश्चाताप गर" (पद ३८) | | "बप्तिष्मा लेऊ" (पद ३८)<br>"बप्तिष्मा लिए" (पद ४१) | "तिमीहरुको पापक्षमाको निम्ति" (पद ३८) |
| सामरीहरु<br>प्रेरित ८ | "तिनीहरुले … विश्वास गरे" (पद १२) | | | "बप्तिष्मा लिए" (पद १२) | |
| इथियोपियाली<br>प्रेरित ८ | "यदि … विश्वास गर्नुहुन्छ भने" (पद ३७) | | "येशू ख्रीष्ट नै परमेश्वरका पुत्र हुनुहुन्छ भनी म विश्वास गर्दछु" (पद ३७) | "बप्तिष्मा" (पद ३६)<br>"उनले तिनलाई बप्तिष्मा दिए" (पद ३८) | "रमाउँदै आफ्नो बाटो लागे" (पद ३९) |
| शाऊल<br>प्रेरित ९, २२, २६ | | उपवास र प्रार्थना (९:९, ११) | "प्रभु" (९:५) | "बप्तिष्मा लिए" (९:१८)<br>"बप्तिष्मा लिनुहोस्" (२२:१६) | "पाप धुनुहोस्" (२२:१६) |
| कर्नेलियस<br>प्रेरित १०, ११ | "उहाँमाथि विश्वास गर्ने" (१०:४३) | "जीवनको निम्ति पश्चाताप" (११:१८) | | "बप्तिष्मा" (१०:४७)<br>"बप्तिष्मा दिनु भनी आज्ञा गरे" (१०:४८) | पाप-क्षमा (१०:४३) |
| लिडिया<br>प्रेरित १६ | | | | "बप्तिष्मा भयो" (पद १५) | |
| झ्यालखानाका हाकिम<br>प्रेरित १६ | "प्रभु येशू ख्रीष्टमा विश्वास गर्नुहोस्" (पद ३१)<br>"विश्वास गरे" (पद ३४) | "घाउ धोइदिए" (पद ३३) | | "बप्तिष्मा लिए" (पद ३३) | "उध्दार पाउनु हुनेछ" (पद ३१)<br>"आनन्दित भए" (पद ३४) |
| कोरिन्थीहरु<br>प्रेरित १८ | "विश्वास गरे" (पद ८) | | | "बप्तिष्मा लिए" (पद ८) | |